वाणिज्य विभागले आ. व. २०६७।६८ मा सम्पादन गरेका बजार अनुगमन र उपभोक्ता हित सम्वन्धी काम कारवाहीको विवरण प्रस्तुत गरिएको छ :

| सि. नं. | कार्यक्रम | एकाइ | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | वजार अनुगमन | | | | |
| क | काठमाण्डौं उपत्यका भित्र | व्यवशाय | ५०० | ५०५ | |
| ख | उपत्यका वाहिरका जिल्लाहरु | व्यवशाय | २०० | ११५ | |
| २ | मूल्यसूची संकलन | पटक | ४८ | ६३ | |
| ३ | उपभोग्य वस्तुहरुको नमुना संकलन र परीक्षण | वटा | ७५ | ३१ | |
| ४ | उपभोक्ता हित सम्वन्धी गोष्ठी | वटा | ४ | ४ | |
| ५ | महिला उपभोक्ता जागरण कार्यक्रम | वटा | २ | २ | |
| ६ | राजमार्गका होटल व्यावशायीहरुको लागि प्रशिक्षण कार्यक्रम | वटा | ३ | ३ | |
| ७ | पत्रपत्रिकावाट प्रचार प्रसार | पटक | १०० | १२० | |
| ८ | वजार संरक्षण अधिकृत तालिम | वटा | २ | २ | |
| ९ | उपभोक्ता शिक्षा | विद्यालय | ७५ | १०१ | |
| १० | विभागको रणनीतिक योजना तर्जुमा कार्यक्रम | पटक | १ | १ | |
| ११ | वाणिज्य विभागको डायरी प्रकाशन | पटक | १ | १ | |
| १२ | उपभोक्ता मूल्य सूचना केन्द्र स्थापना। साप्ताहिक मुल्यसूची प्रकाशन | | १ | १ | साप्ताहिक रुपमा पत्रिका मार्फत मूल्यसूची प्रकाशन गरेको |
| १३ | पोष्टर पम्प्लेट प्रकाशन | पटक | १ | १ | |
| १४ | मूल्य नियन्त्रण सम्वन्धी नीति तर्जुमा | | १ | १ | मूल्य नियमन नीतिको मस्यौदा तयार भएको |
| १५ | कर्मचारीहस्को कार्यविवरण तयारी र प्रकाशन | | १ | १ | |
| १६ | वाणिज्य तथा आपूर्ति पत्रिका प्रकाशन | पटक | १ | १ | |
| १७ | राम्रो काम गर्ने निरीक्षण अधिकृत तथा अन्य कर्मचारीहरुलाई सम्मान कार्यक्रम | | १ | १ | |
| १८ | उपभोग्य वस्तु र सेवा सम्वन्धी उपभोक्ता सर्वेक्षण | | १ | १ | |
| १९ | वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी | | १ | १ | |
| २० | होर्डिङ्ग वोर्ड निर्माण | | ५ | ५ | |
| २१ | उपभोक्ता हित सम्वन्धी जानकारी पुस्तिका प्रकाशन | | २ | २ | |
| २२ | निरीक्षण अधिकृत तालिम | | १ | १ | |
| २३ | ऐन नियम परिमार्जन संशोधन अन्तरक्रिया छलफल कार्यक्रम | | २ | ३ | |
| २४ | वेभसाइट होस्टीङ्ग तथा डाटा इन्ट्री समेत | | २ | २ | |
| २५ | सरोकारवाला उपभोक्ता संस्थाहरु समेतको सहभागितामा आचारसंहिता निर्माण र प्रकाशन | | | | अन्तरक्रिया र छलफल कार्यक्रम सम्पन्न भएको |
| २६ | एफ एम रेडियोवाट प्रचार प्रसार | | | | ३ वटा एफ. एम. वाट दैनिक १३ पटकका दरले २ महिनासम्म प्रसारण भएको |

## आ. व. २०६७।६८ मा भएका वजार अनुगमन र कारवाही सम्वन्धी विवरण

उपत्यका भित्र वजार अनुगमन संख्या : ५०५ व्यावसाय

जिल्ला अनुगमन : ११५ व्यावसाय

मुद्धा दायर भइसकेका व्यावसाय संख्या : ९ वटा

हाल मुद्धाको प्रक्रियामा रहेका व्यावसाय संख्या : ९ वटा

मूल्यसूची नराखेका तथा अनुगमन टोलीले दिएको निर्देशन पालना नगर्ने व्यावशायीलाई कार्वाहीका लागि जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं पठाइएका व्यावशाय संख्या : २१

मासु काट्ने र विक्रि वितरण गर्ने ठाउँ फोहोर देखिएका, नापतौल प्रमाण पत्र नलिएका र उक्त प्रमाण पत्र लिई सात दिन भित्र वाणिज्य विभागमा उपस्थित हुन निर्देशन दिइएता पनि उक्त म्याद भित्र उपस्थित नभएका व्यावशायीलाई आवश्यक कार्वाहीको लागि काठमाण्डौं महानगरपालिका पठाइएको संख्या : १४

किचन र मिठाई कारखाना अत्यन्तै फोहोर र दुर्गन्धीत देखिएका ३।२ व्यावशायीलाई आवश्यक कार्वाहीको लागि काठमाण्डौं महानगरपालिका र ललितपुर उपमहानगरपालिका पठाइएको ।

नेपा ट्रेड लिंक प्रा. लि. खनार सुनसरी र सुगम ग्याँस प्रा. लि. ले अन्य कम्पनीका ग्याँस सिलिण्डरहरु ठूलो मात्रामा जम्मा गरी फुटरीङ्ग फेर्ने लगायतका कसुर गरी आफुलाई फाइदा पुग्ने अनुचित व्यापारीक क्रियाकलाप गरेको सम्वन्धमा उपभोक्ता संरक्षण ऐन, २०५४ तथा नियमावली, २०५६ बमोजिम घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीवाट कार्वाही अगाडि वढाइएको ।

तारा ग्याँस डिपो, साना गाउँ, ललितपुरले अन्य कम्पनीका २०६७ थान सिलिण्डर जम्मा गरी अनुचित व्यापारीक क्रियाकलाप गरेको सम्वन्धमा जिल्ला प्रशासन कार्यालय ललितपुरवाट कार्वाही अगाडि वढाइएको ।

असहज परिथितिमा पेट्रोलियम पदार्थ अपचलन गरी अनुचित व्यापारीक क्रियाकलाप गर्ने द मोर्डन एमिनिटी वनेपा, कामाख्या आयल स्टोर्स, जडीवुटी र सिता केयर प्रा. लि. कालीमाटी विरुद्ध नेपाल आयल निगम लि. मार्फत कार्वाही अगाडि वढाइएको ।

**<u>मुद्धा दायर भएका व्यावशाय</u>**

वागमति आयल इण्डष्ट्रीज विराटनगर, मोरङ्गवाट उत्पादित सेलो व्राण्ड सनफ्लावर तेल विरुद्ध कमसल गुणस्तरको सनफ्लावर तेल उत्पादन र  विक्रि वितरण गरेको सम्वन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको ।

सिद्धार्थ आयल इण्डष्ट्रीज सिद्धार्थनगर, रुपन्देहीवाट उत्पादित तेज व्राण्ड तोरीको तेल विरुद्ध कमसल गुणस्तरको तोरीको तेल उत्पादन र  विक्रि वितरण गरेको सम्वन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको ।

अन्नपूर्ण भेजिटेवल प्रडक्टस प्रा.लि. बाट उत्पादित अमृत ब्राण्डको वनस्पती घ्यू विरुद्ध कमसल गुणस्तरको घिउ उत्पादन र  विक्रि वितरण गरेको सम्वन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको ।

भारतबाट उत्पादित कमसल गुणस्तरको फर्चुन व्राण्ड तोरी तेल आयात र विक्रि वितरण गरेको सवन्धमा एल.जि. इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.विरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको ।

निर्वाण वनस्पति उद्योग प्रा.लि. सतुगंल, काठमाण्डौं विरुद्ध कमसल खाद्य वस्तु उत्पादन र विक्रि वितरण सम्वन्धमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको ।

भ्रमात्मक प्रचार प्रसार वा विज्ञापन गरि अनुचित व्यापारिक क्रियाद्धारा ठगि गरेको सम्वन्धमा हिमालयन स्नाक्स एण्ड नुडल्स प्रा.लि.विरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको ।

क्वालिटी खानेपानी प्रा.लि. जोरपाटी ३, नयाँवस्ती, काठमाण्डौंवाट उत्पादित अक्वा निर्मल व्राण्ड खानेपानी विरुद्ध कमसल गुणस्तरको खानेपानी उत्पादन र  विक्रि वितरण गरेको सम्वन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको ।

सगरमाथा वटर एण्ड घिउ उद्योग जोरपाटी २, नयाँवस्ती, काठमाण्डौंवाट उत्पादित कंचनजघा व्राण्ड घिउ विरुद्ध कमसल गुणस्तरको घिउ उत्पादन र  विक्रि वितरण गरेको सम्वन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको ।

आरती घिउ उद्योग, प्रयागमार्ग, काठमाण्डौंवाट उत्पादित श्रीकृष्ण व्राण्ड घिउ विरुद्ध कमसल गुणस्तरको घिउ उत्पादन र  विक्रि वितरण गरेको सम्वन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको ।

हाइड्रो स्टाटिक टेष्ट गर्नुपर्ने अवधि समाप्त भएका सिलिण्डरहरु प्रयोग गरेको सम्वन्धमा त्रिशुल ग्याँस प्रा. लि. विरुद्ध जिल्ला अदालतमा मुद्धा दायर गरेको ।